# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, फागुन २१ गते २०६५ साल (अतिरिक्ताङ्क ५०(ख)+३

## भाग ५

### नेपाल सरकार
### अर्थ मन्त्रालयको सूचना

नेपाल सरकारले आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २३ को उपदफा (१)र(२) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको अध्यक्ष तथा सदस्यहरू रहेको बेरुजू फछर्यौट समिति गठन गरी देहाय बमोजिमको कार्यक्षेत्र तथा कार्य अवधि तोकेको छः–

१. समितिको गठनः समितिको गठन देहाय बमोजिम हुनेछः–

क) माननीय उषा गुरुङ्ग —अध्यक्ष

ख) महालेखा परीक्षकले तोकेको उपमहालेखा परीक्षक वा नायव महालेखापरीक्षक —सदस्य

ग) अर्थ मन्त्रालयको सचिव वा निजले तोकेको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत —सदस्य

घ) महालेखा नियन्त्रक वा निजले तोकेको लेखा तर्फको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत —सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ङ) नेपाल चार्टर्ड एकाउण्टेण्टस् संघले मनोनयन गरेको चार्टर्ड एकाउण्टेण्टस् एकजना —सदस्य

च) व्यवस्थापिका संसदका सह-सचिव श्री सोमबहादुर थापा —सदस्य सचिव

२. समितिको कार्यक्षेत्रः समितिको कार्यक्षेत्र महालेखापरीक्षकको प्रतिवेदन २०६१ सम्म समावेश भएका वा आर्थिक वर्ष २०५९।०६० सम्म कायम भएका वेरुजूहरू आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २४ को आधारमा नियमित वा मिनाहा गरो फछ्र्यौट गर्नु हुनेछ।

३. समितिको कार्य अवधिः समितिको कार्य अवधि सम्वत् २०६६ साल चैत्र मसान्तसम्म हुनेछ।

आज्ञाले,
भेषराज शर्मा
सह-सचिव

1372



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु ५।
घो. हु. द. नं. १९।०६२।६३

मुद्रण विभाग,
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।